## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या:१३ मिति: २०७८/०१/०६

भाग-२

रघुगंगा गाउँपालिका

## रघुगंगा गाउँपालिकाको बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७

# रघुगंगा गाउँपालिकाको बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७

एक आर्थिक वर्ष भन्दा बढी कार्यान्वयन अवधि लाग्ने आयोजना तथा कार्यक्रमहरुको ठेक्का व्यवस्थापनलाई सरल, सहज र अनुमानयोग्य बनाउन, ठेक्का बन्दोबस्तमा निश्चित मापदण्ड तर्जुमा गरी विकास आयोजनाहरूको स्रोतको सुनिश्चितता, आयोजनाको लागत तथा व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समयावधि भित्र आयोजना सम्पन्न गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रघुगंगा गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्तनाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम "रघुगंगा गाउँपालिकाको बहुवर्षीय ठेक्काबन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका रघुगंगा गाउँपालिका भर लागू हुनेछ ।

२. परिभाषाःविषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "खरिद ऐन"भन्नाले खरिद सम्बन्धी प्रचलित कानूनलाई सम्झनुपर्छ ।

(ख) "बहुवर्षीय आयोजना" भन्नाले आयोजना सम्पन्न गर्न एक वर्ष भन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजनालाई सम्झनु पर्दछ ।

(ग)गाउँपालिका भन्नाले "रघुगंगा गाउँपालिका" सम्झनु पर्दछ ।

३. बहुवर्षीय ठेक्का बन्दोबस्तको लागि आधार तथा मापदण्डः

देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई गाउँपालिकाले वहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजान प्रस्ताव गर्न सक्नेछ ।

(१)विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भएको,

(२) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको,

(३) बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भएको,

(४) रघुगंगा गाउँपालिकाको गौरबको आयोजनाका रुपमा रहेको,

(५) स्रोत सुनिश्चितता भएको -मध्यमकालीन खर्च संरचनामा उल्लेख भएअनुरुप),

(६) वैदेशिक सहायता संलग्नभएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चित भएको,

(७) आयोजनाको दायित्व फरफारक गर्न कम्तिमा एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने अवस्था रहेको,

(८) संघ वा प्रदेशसँग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुप लगानीको रकम समेत सुनिश्चित भएको,

(९) प्रत्येक बर्ष सञ्चालनहुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको,

(१०) खरिद ऐनका स्थापितमान्यतापालनाभएको,

(११) संघ र प्रदेससँग साझेदारीमा सञ्चालन गरिने बाहेकका योजनामा नेपालको संविधान र प्रचलित कानुन बमोजिम गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेको,

(४) **वहुवर्षीय खरिद सम्झौतागर्नसकिनेः** देहायका अवस्थामा वहुवर्षीय खरिदको सम्झौता गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले औचित्यसहित निर्णय गर्न सक्नेछ ।

(क) वार्षिक खरिद सम्झौता गरी खरिद गर्नु भन्दा वहुवर्षीय सम्झौता गरी खरिद गर्दा गाउँपालिकालाई सारभूत रुपमा लाभहुने भएमा,

(ख) खरिद सम्झौताको अवधिमा खरिदको परिमाण सारभूत रुपमा थपघट नहुने भएमा,

(ग) खरिद सम्झौता अवधिभर खरिद गरिने मालसामानको डिजाइन परिवर्तन नहुने भएमा, र

(घ) मालसामान आपूर्तिसँग सम्बन्धित प्राविधिक जोखिम बढी नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले वहुवर्षीय खरिद सम्झौता गर्न आवश्यक देखेमा गाउँ कार्यपालिकाबाट सहमति लिनु पर्नेछ ।

**५. निर्देशिका लागू हुनेः** यो निर्देशिका आर्थिक वर्ष २०७७/०७८ देखि बहुवर्षीय ठेक्का बन्दोवस्त भई कार्यान्वयनमा जाने आयोजनाहरूको हकमा लागू हुनेछ । यस अघि भएका वहुवर्षिय आयोजना तथा कार्यक्रम यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

**६. बाधा अड्काउ फुकाउनेः** यस निर्देशिका कार्यान्वयनमा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत